मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

**सूचना**

बालबालिकामाथि हिंसा, दुर्व्यवहार, शोषण भएको, जोखिमपूर्ण अवस्थामा रहेको बालअधिकारको उल्लंघन भएको छ भने बाल हेल्पलाइनको पैसा नलाग्ने फोन नं. १०९८ (दश नौ आठ)मा खबर गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : १५० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख १७ गते बुधवार (Wednesday, April 29. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बच्चाको झगडामा आमाको ज्यान गयो

**झापा, बैशाख १६।** बच्चाको झै-झगडालाई लिएर कुटाकुट हुँदा सर्लाहीमा एक महिलाको मृत्यु भएको छ।

सर्लाहीको हरिपूर्वा-८ बसन्तपुरमा कुटाकुट हुँदा ३५ वर्षीया सैदुन खातुनको मृत्यु भएको हो। सोही ठाँउ बस्ने खोधदी अन्सरीसहित उनको परिवारले खातुनलाई कुटपिट गर्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

कुटपिटबाट गम्भीर घाइते खातुनको उपचारका लागि जानकी अस्पताल जनकपुरमा लैजाँदै गर्दा ज्यान गएको सर्लाहीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिए। कुटपिटमा संलग्नमध्ये पाँच जनालाई नियन्त्रणमा लिएको र आवश्यक अनुसन्धान भइरहेको उनले जानकारी दिए।

## माछा मार्न गएका बालक फर्केनन्

**इलाम, बैशाख १६।** इलामको फाक्फोक्थुम-३ रातमाटेका १२ बर्षीय मनोज लिम्बूलाई खोलाले बगाउँदा उनको मृत्यु भएको छ।

साथीसंग घर नजिकै रहेको फाक्फोक खोलामा माछा मार्न गएका लिम्बूलाई अविरल वर्षाको कारण खोलामा आएको बाढीले बगाउँदा उनी बेपत्ता भएका थिए। आफन्तले खोजी गर्ने क्रममा करिब २ किलोमिटरको दुरीमा खोलाको किनारमा उनको शव फेला परेको भनी प्रहरीमा खबर गरेका थिए। घटनाको जानकारी पाउनसाथ इलाका प्रहरी कार्यालय मंगलबारेबाट प्रहरी टोली खटी गई कानूनी कारबाही भइरहेको छ।

## धान मिलमा आगलागी हुँदा १५ लाख क्षति

**झापा, बैशाख १६।** झापाको झापा गाउँपालिका-३ स्थित सिमलबारीमा एक धान मिलमा आगलागी हुँदा करिब रु. १५ लाख बराबरको क्षति भएको छ।

झापा-३का प्रसाद राजवंशीले सञ्चालन गरेको धान मिलमा सोमबार दिउँसो आगलागी हुँदा रु. १४ लाख ७८ हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

उनका अनुसार चट्याङ परी विद्युत्को तार सर्ट भइ अचानक राजवंशीको धान मिलमा आगलागी हुँदा राजवंशीको मिल तथा छिमेकी प्रल्हाद मण्डलको दुई वटा कच्ची घरसमेत जलेर नष्ट भएको छ। आगलागी प्रहरी, स्थानीयवासी र दमकलको सहयोगमा नियन्त्रणमा लिइएको थियो।

## ब्राउनसुगरसहित एक जना पक्राउ

**झापा, बैशाख १६।** झापाको मेचीनगर नगरपालिका-६ मेची पुलबाट ५० ग्राम नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित एक जनालाई पक्राउ गरिएको छ।

निर्माणाधीन मेची पुलमुनि खाल्डो खनेर लुकाउँदै गरेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्यालय

*(बाँकी अन्तिम पृष्ठमा)*

# ३१ जना संक्रमित, दमकमा ८४को पीसीआर

**दमक, बैशाख १६।** प्रदेश नं. १मा हालसम्म पाँच हजार ८०९ जनाको कोरोना परीक्षण भएको छ।

प्रदेश सरकारका अनुसार द्रूत परीक्षण (आरडीटी) बाट कूल चार हजार ८२८ र ल्याबमा स्वाब ल्याएर गरिने परीक्षण (पीसीआर) विधिबाट ९८१ जनाको नमूना परीक्षण भएको छ।

प्रदेशमा ३१ जनालाई कोरोना सङ्क्रमण देखिएको छ भने दुई हजार ९२ जना क्वारेन्टाइनमा छन्। प्रदेश सरकारले स्थापना गरेको कोरोना उपचार कोषमा रु. २८ करोड ८२ लाख ९७ हजार ५४ जम्मा भएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार ध्रुव सुवेदीले जानकारी दिए।

यता कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणका लागि झापाको दमकमा हालसम्म ८४ जनाको कोरोना भए/नभएको पीसीआर परीक्षण गरिएको छ। चार दिनअघि दमक-३का एक ६२ वर्षीय पुरुषमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि सङ्क्रमित क्षेत्रमा थप सङ्क्रमण फैलिने भएकाले त्यसको पहिचान गर्न हालसम्म ८४ जनाको पिसीआर परीक्षण गरिएको दमक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. खड्गलाल लिम्बूले बताए।

नगरपालिकाले सोमबार कोरोना नियन्त्रण तथा रोकथामका क्षेत्रमा भइरहेको कार्यक्रमका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा डा. लिम्बूले सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि नगरपालिकामार्फत भइरहेको कामका बारेमा जानकारी गराएका थिए।

पिसीआर परीक्षण पहिलो चरणमा दमकका विभिन्न क्षेत्रका शङ्कास्पद ३० जनाको गरिएको र त्यसमा ती वृद्धमा सङ्क्रमण पुष्टि भएको थियो। आइतबार मात्र सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएका ५४ व्यक्तिको समेत आरडीटी परीक्षण तथा स्वाब सङ्कलन गरी धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा पठाइएको उनले बताए। पीसीआर परीक्षणको रिपोर्ट आजसम्ममा आउने उनको भनाइ छ। संक्रमित क्षेत्रमा डा. लिम्बूको संयोजकत्वमा स्वास्थ्यकर्मी, प्राविधिकको छुटाछुट्टै चार टोली परिचालित भएको थियो।

उनका अनुसार सङ्क्रमण रोकथाम गर्न हालसम्म नगरभित्रका १५७ जनाको समेत र्यापिड डाइग्नोटिस्क टेस्ट (आरडीटी) परीक्षण गरिएको छ। यसैगरी हालसम्म दमक अस्पतालले सञ्चालन गरेको आइसोलेसनमा १३ जनाले सेवा पाउनुका साथै एक पुरुष र दुई महिला गरी तीन हाल उपचाररत रहेको उनले बताए। त्यस्तै दमकका अन्य तीन क्वारेन्टाइनमा भने हाल ४१ जना रहेका छन्। ती सबैको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ।

यसैगरी सोही अस्पतालले सञ्चालन गरेको फिभर क्लिनिकमा २६० को स्वास्थ्य परीक्षण गरिएको डा लिम्बूले बताए। सो अवसरमा आम्दा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नवीन ढकालले अस्पतालले कोभिड-१९ सहित अन्य रोगका उपचार र भइरहेको गतिविधिका

*(बाँकी अन्तिम पृष्ठमा)*




**उदयपुर : २८**
**झापा: २ जना**
**भोजपुर: १ जना**

**प्रदेश नं. १मा कोरोना संक्रमण**

## शहरबाट आएर 'होम क्वारेन्टाइन' मा नबस्ने पक्राउ

**झापा, बैशाख १६।** 'होम क्वारेन्टाइन' मा बस्ने शर्तमा काठमाडौँबाट उद्धार गरेर घर ल्याइएका हलेसी तुवाचुङ नगरपालिकाका तीन जना शर्त पालना नगरेको आरोपमा पक्राउ परेका छन्।

कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन १४ दिनसम्म होम क्वारेन्टाइनमा बस्ने शर्तमा कबुलियतनामा गरेर घर ल्याइएकामा कबुलियतनामा उल्लंघन गर्ने तीन जनालाई इलाका प्रहरी कार्यालय हलेसीले पक्राउ गरेको हो।

घरबाट निस्केर डुलिरहने, मादक पदार्थ सेवन गर्ने र होहल्ला गर्दै हिँडेको अवस्थामा वडा-४ बडहरेका २० वर्षीय एक युवकलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय हलेसीका प्रमुख प्रहरी निरीक्षक दिनेशप्रसाद खरेलले बताए। पक्राउ परेका युवकलाई छुटाउन राजनीतिक दलकै कार्यकर्ताबाट दबाब आइरहेको छ- उनले भने- आफूले गरेको कबुलियतनामा उल्लंघन गर्नेलाई सम्बन्धित वडाध्यक्षको रोहबरमा वडा कार्यालयले निर्माण गरेको क्वारेन्टाइनमा राखिनेछ।

गत शनिबार वडा नम्बर-८ धितुङका दुई युवतीले पनि होम क्वारेन्टाइन उल्लंघन गरेकामा पक्राउ परेका थिए। पक्राउ परेका १७ वर्षीया र २१ वर्षीया दुई युवतीलाई वडाध्यक्षको रोहबरमा वडा कार्यालयले निर्माण गरेको क्वारेन्टाइनमा १६ दिनका लागि राखिएको छ। बन्दाबन्दीका कारण काठमाडौँबाट घर फर्कन नपाएकालाई नगरपालिकाले गत बिहीबार र शुक्रबार २५ वटा बस रिजर्भ गरेर एक हजार २६७ जनालाई घर फर्काएको थियो।

ती नगरवासीलाई १४ दिनसम्म होम क्वारेन्टाइन बस्ने, सामाजिक दुरी कायम गरेर परिवारका सदस्यसँग सम्पर्क स्थापित गर्ने, मादक पदार्थ सेवन नगर्ने, स्वास्थ्यमा समस्या भएमा तत्काल

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेपाललाई युरोपेली संघबाट रु. १० अर्ब

**झापा, बैशाख १६।** युरोपेली संघले नेपाल सरकारलाई रु. नौ अर्ब ८० करोड उपलब्ध गराउने भएको छ। कोभिड-१९ को महामारीविरुद्ध जुध्न तथा त्यसको प्रभाव घटाउन संघले नेपाललाई उक्त रकम प्रदान गर्न लागेको हो।

यहाँस्थित युरोपेली संघ प्रतिनिधिमण्डलका अनुसार कोभिड-१९को महामारीलाई परास्त गर्न आवश्यक पर्ने स्वास्थ्य सामग्री, उपकरण तथा आर्थिक पुनरुत्थानमा सदस्य राष्ट्रलाई सघाउन २० अर्बभन्दा बढी युरोको 'टिम युरोप प्याकेज' स्थापना गरिएको छ।

संघले यही वैशाख २२ गते कोभिड-१९ विरुद्धको खोप विकास गर्न विश्वव्यापीरूपमा आर्थिक सहयोग जुटाउने उद्देश्यले 'अनलाइन' प्रतिबद्धता सम्मेलन गर्ने जनाइएको छ।

## दुई करोडको च्याउ नोक्सान



**झापा, बैशाख १६।** कोभिड-१९को जोखिम हुन नदिन बन्दाबन्दी जारी रहँदा एक महिनाको अवधिमा झापामा करिब रु. दुई करोड बराबरको च्याउ नोक्सान भएको छ।

च्याउ उत्पादक किसान संघका जिल्ला संयोजक ज्ञानेन्द्रप्रसाद गौतमलले किसानले बजारसम्म आफ्ना उत्पादन पुर्‍याउन नसक्दा सो मूल्य बराबारको क्षति पुगेको जानकारी दिए। जिल्लाको माइपूर्व र माइपश्चिम क्षेत्रमा १०० भन्दा बढी किसानले व्यावसायिक रुपमा च्याउ खेती गर्दै आएका छन्।

माइपश्चिमका गौरादह-९स्थित नमूना च्याउ उद्योगको करिब रु पाँच लाख, सीता च्याउ उद्योगको रु. ६ लाख, कुलश च्याउ उद्योगको रु. पाँच लाख, ढुङ्गाना च्याउ उद्योगको रु. १० लाख र कल्याण तथा कृतिसा च्याउ उद्योगको रु. पाँच लाखबराबरको च्याउ घाटा व्यहोर्नुपरेको संघले जनाएको छ।

यस्तै कमल गाउँपालिकाका विभिन्न च्याउ किसानका करिब रु. ३० लाख, शिवसताक्षीका किसानको करिब रु. ३० लाख र दमक नगरपालिकाका च्याउ किसानका करिब रु. ४० लाखको च्याउ नोक्सान भएको छ।

यहाँका किसानले उत्पादन गरेका च्याउ बन्दाबन्दीले गर्दा जिल्ला बाहिरका ठूला बजारसम्म पुर्‍याउन सकेका छैनन्। हाटबजार, पसल तथा यातायातका सवारी साधन बन्द हुँदा दैनिक उत्पादन हुने ठूलो परिणामको च्याउमा ठलो घाटा व्यहोर्नु परेको संयोजक गौतम बताउँछन्। बन्दबन्दीबाट प्रभावित जिल्लाका च्याउ किसानले बन्दाबन्दी लम्बिँदै गएपछि उद्योग धरासायी बन्ने अवस्थामा पुगेको किसानको गुनासो छ।

# झापा ७-११ बजे खाद्यान्न पसल खुल्ला

**शिवशताक्षी वैशाख १६।** सर्वसाधारणले खाद्यान्न लगायत औषधि र कृषिका सामग्री सहज ढंगले खरिद गर्न नपाएको भन्दै झापामा ३५ दिनदेखि जारी लकडाउन खुकुलो पार्ने निर्णय भएको छ। यो निर्णय १ नम्बर प्रदेशका आन्तरिक मामला तथा कानून मन्त्री हिक्मत कार्की र सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरको उपस्थितिमा भएको हो।

संघीय सरकारको गृह मन्त्रालयले लकडाउनलाई थप कडा बनाउन निर्देशन दिएकै भोलिपल्ट झापामा लकडाउन खुकुलो पार्ने निर्णय भएको हो।

झापामा कोरोना भाइरसका दुई जना संक्रमित भेटिएका छन्। यस्तो अवस्थामा लकडाउनलाई कडा पारिनुपर्ने स्थानीय प्रशसासनलाई सामाजिक सञ्जालमा चर्को दवाव आइरहेको बेला लकडाउन खुकुलो पार्ने निर्णयले कोरोनाको जोखिमभित्रन सक्ने भन्दै सर्वसाधरण बेचैन बन्न थालेका छन्।

झापाको चारआलीस्थित नेपाली सेनाको श्री नयाँ श्रीनाथ गणमा भएको



जिल्लाका १४ वटा स्थानीय तहका प्रमुख, सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रमुख सम्मिलित बैठकले विहान ७ बजेदेखि ११ बजेसम्म झापाका खाद्यान्न, कृषि र औषधि पसल खोलेर जनजीवन सहज बनाउने निर्णय भएको थियो। भद्रपुर नगरपालिकाका प्रमुख बैठकमा सहभागी थिएनन्।

शिवसताक्षी, दमक लगायतका केही स्थानीय तहका प्रमुखले लकडाउन खुकुलो पार्ने विषयमा फरक मत राखे पनि बहुमतले खाद्यान्न र कृषिका पसल ४ घण्टा खुल्ला रहने निर्णय भएको हो। यसअघि झापामा दुई घण्टा खाद्यान्नका पसल खुल्ला हुने गरेका थिए।

बैठकमा जिल्लाका महत्वपूर्ण आयोजना निर्माण, अत्यावश्यक वस्तु तथा सेवाका लागि साँझ ६ बजेदेखि विहान ६ बजेसम्म ढुवानी समय तोक्ने पनि निर्णय भएको छ।

यसअघि विपन्नलाई वितरण गरेको राहत स्थानीय तहले अवैज्ञानिक र राजनीतिक पूर्वाग्रह राखेर वितरण गरेको भन्दै संघीय सरकारको मापदण्डलाई टेकेर मात्र बितरण गर्नुपर्ने निर्णय भएको छ। यस्तै दमकको आएओएमको कार्यालयका भवनलाई प्रयोगशालाको रुपमा स्थापना गर्न संघीय सरकारलाई अनुरोध गर्ने निर्णय भएको छ।

पालिकामा निर्माणका आयोजना निर्माण गर्दा प्रशासनले तोकेको मापदण्डको पालना गर्नुपर्ने जिल्ला समन्वय समितिका प्रमुख सोम पोर्तेलले बताए। दैनिक सम्पर्कमा आउने कर्मचारी तथा कामदारका लागि

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**निर्माणाधीन एकीकृत बस्तीः** दिक्तेल रुपाकोट मझुवागढी-८ दोर्पामा निर्माणाधीन एकीकृत बस्ती । कोरोना भाइरसको संक्रमण फैलिन नदिन सरकारले लागू गरेको लकडाउनका कारण सो बस्ती निर्माणको काम स्थगन गरिएको हो । **तस्वीरः रासस**

# फाल्गुनन्दलाई क्वारेन्टाइनको भार

**युद्धबहादुर बोहोरा**

**पाँचथर, वैशाख १६।** फाल्गुनन्द गाउँपालिकाले निर्माण गरेको राँकेस्थित रेडक्रस सोसाइटीको क्वारेन्टाइन भवनमा मानिस भरिए पछि वडा नं. ३ मा रहेको जलसिंह माद्यामिक विद्यालयको भवन अस्थायी क्वारेन्टाइनको रूपमा प्रयोग गर्न बाध्य भएको छ ।

सरोकारवाला स्थानीय तहका नागरिक अलपत्र अवस्थाबाट उद्धार गरि काठमाडौबाट ल्याइएसँगै यस गाउँपालिका बाहेक अन्य क्षेत्रका मानिस राख्नु परेकोले उचित व्यवस्था गर्न धौधौ परेको पालिकाका प्रमुख प्रशासकीय अनिल तिखत्रीले जानकारी दिए ।

फाल्गुनन्द गाउँपालिकाका पुरुष ३८ र महिला १४ गरेर जम्मा ५२ जना मात्रै भए तापनि फिदिम नगरपालिकाका ५१ पुरुष र पाँच महिला तथा चार बालबालिका गरी जम्मा एक सय १२ जनालाई व्यवस्थापन गर्नु परेको हुँदा एक्लो




भारमा परेको कार्यालयले जनाएको छ ।

हावापानीका हिसाबले यो ठाँउ हरेक समय चिसो हुने भएकोले धेरै जनालाई एकैपटक पर्याप्त न्यानो कपडा व्यवस्थापन गर्न कठिन भएको छ । उनले भने -यो समयमा खाद्यान्न सामाग्री तथा खाना फकाउने सामान जुटाउन चुनौति पूर्ण छ, संकटको यस घडीमा हाम्रो मात्रै प्रयासले समग्र व्यवस्थापन सम्भव नहुने भएकोले सम्बन्धित पालिकाले आफ्ना नागरिक जिम्मा लिए क्वारेन्टाइनमा बस्नेलाई धेरै सहज हुने थियो ।

बालबच्चाले समेत यस्तो परिस्थिति झेल्नु परेको कठिन अवस्था देखेर नेपाल रेडक्रस सोसाइटी पाँचथर शाखाले दुई सय थान कम्बल सहयोग स्वरुप प्रदान गरेसँगै राँके बजारमा उपलब्ध ३५ थान कम्बल गाउँपालिकाले खरिद गरिसकेसम्म क्वारेन्टाइनमा बस्नेलाई उचित किसिमले राख्न कोशिश गरिएको उनको भनाइ छ । यसअघि क्वारेन्टाइनमा बसेका लगभग १६ जनालाई राम्रो प्रवन्ध मिलाएर राखिएको थियो त्यापिड जाँचमा नेगेटिभ रिपोर्ट देखिए पछि घर फर्काइएको बताइएको छ ।

# सर्वदलीय संयन्त्र बनाई अघि बढ्न साना दलको सुझाव



**नवराज खरेल**
नेकपा मालेका केन्द्रीय सदस्य



**भीमप्रसाद अधिकारी**
साझा पार्टीका केन्द्रीय सदस्य



**पर्शुराम मगर**
राष्ट्रिय जनमुक्ति पार्टी झापाका निवर्तमान अध्यक्ष



**इन्द्रप्रसाद ओली**
मौलिक जरो-किलो पार्टी प्रदेश नं. १का अध्यक्ष



**सञ्जुहाङ पालुङ्वा**
संघीय लिम्बुवान पार्टीका अध्यक्ष



**धनबहादुर पन्धाक सुब्बा**
मञ्च सम्बद्ध संघीय लिम्बुवान पार्टीका जिल्ला अध्यक्ष

**बिर्तामोड, बैशाख १६।** झापाका साना राजनीतिक दलका नेताहरुले राहत वितरण विवादरहीत बनाउन सर्वदलीय संयन्त्र बनाउनुपर्ने र महंगी नियन्त्रण गर्न अनुगमन तथा कार्वाही तत्काल थाल्नुपर्नेमा जोड दिएका छन् ।

सबै दलहरुलाई अहिलेको संरचनामा नसमेटिएकोमा गुनासो गर्दै उनीहरुले यो महामारीविरुद्ध सबैले सामुहिक रुपमा अघि बढ्नुपर्ने उनीहरुले बताए । यतिबेला पहुँच र हैसियत देखाउनेभन्दा पनि सर्वदलीय र सर्वपक्षीय रुपमा अघि बढ्नुपर्नेमा उनीहरुको जोड थियो ।

संवाद समूह झापाको संयोजनमा मंगलवार भएको भिडियो कन्फ्रेन्समा दलका नेताहरुले उक्त कुरामा जोड दिएका हुन् । स्थानीय सरकारद्वारा वितरित राहतमा एक रुपता नपाइएको र प्रभावकारी नदेखिएकोले नेपाल सरकारले जारी गरेको निर्देशिका बमोजिम राहत वितरण गर्न र वडाहरुमा सबै दलहरुको समन्वयमा प्रभावकारी र सन्तुलित राहत वितरण गर्न सबै तहका सरकारसँग उनीहरुले आग्रह गरेका छन् ।

त्यस्तै झापामा कोरोना भाइरस संक्रमितका लागि आवश्यकीय स्वास्थ्य उपचारको हदैसम्मको प्रबन्ध मिलाउन पनि उनीहरुले सरकारको ध्यानाकर्षण गरेका छन् । लकडाउनलाई कडा अनुशासनमा बसी पालना गर्न आम नागरिकमा अपिल गर्दै दलका नेताहरुले कहींकतै संक्रमण देखिए रोग नलुकाई तत्काल स्वास्थ्य संस्थामा जान आग्रह पनि गरेका छन् ।

अहिलेको विषम् परिस्थितिमा सीमा नाकामा कडाई हुनुपर्ने र निरन्तर अनुगमन हुनुपर्नेमा उनीहरुको जोड छ । त्यस्तै बजारमा उपभोग्यवस्तुमा बढेको अचाकली मूल्यबृद्धि नियन्त्रणका लागि उनीहरुले अनुगमन र कार्वाहीमा जोड दिएका छन् । यसका लागि तत्काल स्थानीय सरकारले सरोकारवालासँग समन्वय गरी कदम चाल्न ढिलाई गर्न नहुने उनीहरुले बताए । लकडाउन अघि वा पछि उत्पन्न हुन सक्ने भोकमरीबाट बच्न स्थानीय सरकार संवेदनशील बन्नुपर्नेमा जोड दिँदै दलका नेताहरुले यसका लागि कृषकलाई सहज बजार, मल, वीऊ, इन्धनको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

त्यस्तै अन्य जिल्लामा रहेका झापावासीलाई घर फर्कन चाहेको अवस्थामा आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी ल्याउन र झापामा रहेका अन्य जिल्लाका वासिन्दालाई सहज फिर्ता जाने व्यवस्था मिलाउने उनीहरुले सुझाव दिएका छन् । अहिलेको अवस्थामा सबै राजनीतिक दलहरुले राजनीतिभन्दामाथि उठेर मानवीय सेवामा समर्पित हुन बैठकले निष्कर्षसहित आव्हान गरेको छ । लकडाउनलाई प्रभावकारी बनाउन 'हरियो, पहेंलो र रातो क्षेत्र' निर्धारण गरी आवश्यकता अनुसार नियन्त्रण र निगरानी गर्नुपर्ने सुझाव समेत दिइएको छ । यसका लागि राजनीतिक दलहरुबाट समेत स्वयम्सेवक र सामाजिक संस्था समेत परिचालित हुनुपर्ने उनीहरुको भनाइ छ ।

त्यस्तै चिया बगानमा कार्यरत मजदुरले सामाजिक दुरी कायम गर्न नसकेको र आवश्यक स्वास्थ्य सामग्री पर्याप्त मात्रामा प्रयोग गरेको नदेखिएकोले सोको प्रभावकारी अनुगमनका साथै हरेक पालिकामा कोरोना सम्बन्धीका समस्या समाधान गर्न छुट्टै हेल्प डेस्क बनाउनुपर्ने सुझाव र निष्कर्ष समेत दलहरुको छ ।

भिडियो कन्फ्रेन्समा नेकपा मालेका केन्द्रीय सदस्य नवराज खरेल, साझा पार्टीका केन्द्रीय सदस्य भीमप्रसाद अधिकारी, राष्ट्रिय जनमुक्ति पार्टी झापाका निवर्तमान अध्यक्ष पर्शुराम मगर, मौलिक जरो-किलो पार्टी प्रदेश नं. १का अध्यक्ष इन्द्रप्रसाद ओली, संघीय लिम्बुवान पार्टीका अध्यक्ष सञ्जुहाङ पालुङ्वा र मञ्च सम्बद्ध संघीय लिम्बुवान पार्टीका जिल्ला अध्यक्ष धनबहादुर पन्धाक सुब्बाले अहिलेको सन्दर्भमा दलहरुको भूमिका, प्रतिबद्धतासहित सरकारले गर्नुपर्ने कामको बारेमा विभिन्न सुझाव राखेका थिए । बैठकले नौ बुँदे निर्णय तथा निष्कर्ष निकालेको छ ।

# अध्यक्षलाई नागरिक फर्काउन समस्या

**गणेश अर्याल**

**इलाम, बैशाख १६।** आफ्ना नागरिक लिन काठमाडौ पुगेसँगै इलाम रोङ गाउँपालिकाका अध्यक्ष शम्सेर राई बिबादमा परेका छन् ।

सर्बपक्षीय बैठकले राजधानी तथा अन्य जिल्लामा रहेका आफ्ना नागरिक ल्याउने निर्णय गरेर काठमाडौ गएका भए पनि अध्यक्ष जाँदाजाँदै बिबादमा परेका हुन् ।

सर्बपक्षीय भेलामा छलफल र सहमती भएपनि कार्यपालिकाको बैठकले निर्णय गरको थिएन । कार्यपालिकाको निर्णय नभइ काठमाडौ जानु र काठमाडौंको नागरिक फर्काएर ल्याउन नसक्ने अवस्था भएपछि गाउँपालिका अध्यक्ष चर्चा र बिबादमा आएका हुन् ।

सर्बपक्षीय बैठकमा छलफल भए पनि जाने बेलामा समन्वय नभएको प्रदेश सभा सदस्य काजीमान कागतेले बताए । कानूनी राज्यमा कानून सम्बत जानुपर्नेमा आफू खुशी हिँडेर गाउँपालिका अध्यक्षले गरेको काम आफूलाई ठीक नलागेको प्रदेशसभा सदस्य कागतेले बताए । उनले बैठकमा आफूलाई बोलाएको र समन्वय गरेर ल्याउनु ठीक भएको सल्लाह दिएर बैठकबाट निस्किए पनि पछिल्लो अवस्थाको बारेमा आफूलाई केही थाहा नदिइ काठमाडौ गएको थाह पाएको उनले बताए ।

यता कार्यपालिका सदस्य वडानम्बर ५का वडाध्यक्ष एवम् सामाजिक बिकास समितिका सम्योजक युवराज खाप्तुवा राईलाई पनि अध्यक्ष काठमाडौ गएको थाहा नभएको बताए । कार्यपालिकाले निर्णय नगरेकाले र को-को जाने कसरी जाने भनेर अध्यक्षले आफूलाई नसोधेको उनले बताए । जानु पूर्व प्रदेश सरकार, संघीय सरकार र जिल्ला प्रशासन कार्यालय सग समन्वय गरेको भए सजिलो हुने खाप्तुवाले बताए । उता नेकपा रोङका अध्यक्ष बृहस्पति खतिवडा पनि यो बिषयमा अनबिज्ञता प्रकट गर्छन् ।

उता काठमाडौमा रहेका गाउँपालिका अध्यक्ष राईले भने म काठमाडौ आउन कसैका निर्णय र अनुमती लिनु नपर्ने बताउँछन् । कार्यपालिकाको बैठकले निर्णय नगरे पनि कार्यपालिकाका सदस्यहरुलाई सोधेर नै आएको उनले बताए । 'शुरुमा स्वास्थ्यको टोली मात्रै काठमाण्डौ पठाउने भन्ने सोच भए पनि अभिभावकत्वको लागि म पनि काठमाडौ आउनपर्ने भयो- अध्यक्ष राईले भने- यस्तो बेलामा मलाई सोधेन भन्नु ठीक हो होइन उनीहरुलाई नै सोध्नु ।

अध्यक्ष राईले भने गृहमन्त्रालयको पछिल्लो सूचना अनुसार पास नपाएर काठमाडौको मानिस फर्काउन नसकिने अवस्था भएकाले मैले उपाध्यक्ष चन्द्रकला राई र प्रमुख प्रशासकीय अधिकृत प्रदीप गौतमलाई कार्यपालिका बैठक बोलाउन भनिसकेको छु । अध्यक्ष राइले भने- अब साँच्चै समस्या भएकाहरुलाई म यहाँ नै चामल, तेल, नुन लगायतको राहत बितरण गर्छु र म फर्कन्छु ।

पछिल्लो समय इलामका सभासद्हरु झलनाथ खनाल, सुबासचन्द्र नेम्बाङसँग पनि कुरा भइरहेको जानकारी दिँदै अध्यक्ष राईले यही सूचना प्रवाह गरिदिन आग्रह गरेका छन् । यता कार्यपालिकाको बैठकको लागि सबै सदस्यहरुसँग कुरा भइरहेको उपाध्यक्ष चन्द्रकला राईले बताइन् । जिल्ला समन्वय समितिको बैठकमा हाललाइ उतै व्यवस्थापन गर्ने भन्दाभन्दै पनि गाउँपालिका अध्यक्ष आफ्ना केही सहयोगी र स्वास्थ्यकर्मीको टोली लिएर एक दिन अघि राजधानी पुगेका थिए ।

# मानवअधिकार अवस्थाको अनुगमन

**झापा, बैशाख १६।** विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको महामारीका समयमा मानवअधिकारको अवस्थाका बारेमा अनुगमन शुरु गरिएको छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं अध्यक्ष शन्तराम बिडारी, काठमाडौं जिल्ला वार एशोसिएशनका अध्यक्ष जगदीश घिमिरे र गैह्रसरकारी संस्था महासंघ काठमाडौंका अध्यक्ष प्रदीप डङ्गोल रहेको अनुगमन समिति गठन गरी राष्ट्रिय मानवअधिकार आयोगले दिएको कार्यादेशबमोजिम काठमाडौं जिल्लामा पनि मानवअधिकार अनुगमन गरिएको हो । महासंघ काठमाडौंका अध्यक्ष बिडारीले काठमाडौं महानगरपालिकासहित अन्य १० वटै नगरपालिकामा सरकारबाट भइरहेको कार्य, स्वास्थ्य उपचारको अवस्था, आम उपभोक्ताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, न्याय प्रशासनमा पहुँच, नागकिका कर्तव्यलगायत कोभिड-१९बाट प्रभावित अन्य मानवअधिकारको अवस्थाको अनुगमन गरिएको बताए । समितिले आफ्ना विभिन्न संयन्त्रमार्फत अध्ययन, अनुगमन र सहजीकरण गरिरहेको भन्दै उनले अनुगमनबाट स्थानीयस्तरमा देखिएको समस्या सहजीकरणका लागि आयोगसँग सम्पर्क-समन्वय गरिएको जानकारी दिए ।


## आकर्षक घडेरी बिक्रीमा

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**


**३१ ...**

बारेमा जानकारी गराएका थिए । कोरोना भाइरस सङ्क्रमण देखिएपछि जिल्लामा नै पहिलोपटक आम्दा र दमककै सरकारी अस्पताल दमक अस्पतालले दैनिक फिभर क्लिनिक सञ्चालन गरिआएको छ ।

आम्दाका मेसु डा. ढकालले फिभर क्लिनिकमा चैतमा हालसम्म ६८४ को परीक्षण गरिएको र तीमध्ये चार जनालाई दमक अस्पतालमा सिफारिस गरिएको बताए ।

आम्दाले चार श्ययाको आइसोलेसन सञ्चालन गरिआएकामा त्यसबाट हालसम्म चार जनाले सेवा पाएको उनले जानकारी दिए । पत्रकार सम्मेलनमा नगरप्रमुख रोमनाथ ओलीले महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमण तथा नियन्त्रणका लागि स्थानीय सरकारले प्रभावकारी कार्य गर्दैआएको बताए । उनका अनुसार सङ्क्रमित वृद्धको हाल विराटनगरस्थित कोशी अस्पतालको कोभिड अस्पतालमा उपचाररत छन् ।

**शहरबाट ...**

स्वास्थ्यकर्मीलाई सम्पर्क गर्ने लगायतका दश बुँदे कबुलियतनामा गराएर ल्याइएको नगरप्रमुख इवन राईले बताउनुभयो । सङ्क्रमण फैलिन नदिनका लागि नगरपालिका सचेत छ- उनले भने- कबुलियतनामा उल्लंघन गर्ने जोकोहीलाई कारबाही हुन्छ । शहरबाट घर प्रवेश गर्ने व्यक्तिसँगै सङ्क्रमण पनि भित्रिने खतरा छ ।

शहरबाट गाउँ फर्किएकाहरु भेला भएर खोलामा माछा मार्ने, वनभोज खाने तथा डाँडा घुम्न जान थालेपछि त्रास फैलिएको हो ।

हाल जिल्लाको रावाबेँसी गाउँपालिका, ऐसेलुखर्क गाउँपालिका र साकेला गाउँपालिकाले पनि आफ्नो नागरिकलाई काठमाडौँबाट घर ल्याउने तयारी गरिरहेको छ । हलेसी तुवाचुङ नगरपालिकाले शहरमा बसिरहेका स्थानीयलाई आफैले गाउँमा ल्याए पनि जिल्लाकै अन्य स्थानीय तहका सर्वसाधारण समेत आफै घर भित्रिरहेको जयरामघाट नाकामा स्थापना गरिएको हेल्थडेस्कको तथ्याङ्कमा उल्लेख छ ।

**ब्राउनसुगर ...**

काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-६का ५८ वर्षीय बच्चु चौधरीलाई ब्राउनसुगरसहित पक्राउ गरेको हो । पक्राउ परेका चौधरीको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**झापा.....**

कार्यस्थलमै क्वारेन्टाइन बनाएर राख्नुपर्ने, क्वारेन्टाइन व्यवस्थापनमा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नुपर्ने, आयोजना तथा उद्योगको प्रवेश विन्दुमै साबुनपानीले हात धुने व्यवस्था मिलाउनुपर्ने र स्थानीय प्रसाशनको मौखिक अनुमति लिनुपर्नेलगायतका मापदण्ड पूरा हुनुपर्ने उनले बताए ।

कोरोना संक्रमणको त्रास फैलिएपछि झापामा सवै स्थानीय तहका प्रमुखसहितको पूर्ण बैठक झापामा यो पहिलो हो । यसअघि पटक-पटक यस्ता बैठक आयोजना गरिएपनि अधिकाँश पालिका प्रमुख उपस्थित नहुने गरेका थिए ।

झापा जिल्लाको उच्चस्तरीय कोरोना रोकथाम तथा नियन्त्रण समितिको उक्त बैठकको अध्यक्षता जिल्ला समन्वय समितिका प्रमुख पोर्तेलले गरेका थिए ।

बैठकमा नेकपा झापाका अध्यक्ष चिन्तन पाठक, नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, नेपाल रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकाल, प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना, २१ नम्बर बाहिनीपति आशबहादुर तामाङ, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख कृष्णप्रसाद कोइराला, प्रदेश अनुगमन समितिका सदस्य देवराज घिमिरे लगायतले समेत आ-आफ्नो धारणा राखेका थिए ।

# दाहसंस्कार गर्दागर्दै चिता बगाएपछि....

**इलाम, वैशाख १६।** इलामको फाकफोकथुम गाउँपालिकास्थित फाकफोक खोलामा दाहसंस्कार गर्दागर्दै आएको बाढीले चितासहित शव बगाएको छ ।

फाकफोकथुम -३ सल्लेरीका ४० वर्षीय रामबहादुर लकान्द्रीको दाहसंस्कारका लागि चितामा राखिएको शव बाढीले बगाएको फाकफोकथुम गाउँपालिकाकी उपाध्यक्ष सरस्वती राई (सरु) ले जानकारी दिइन् ।

स्थानीय फाकफोक खोलामा शव जलाउन चितामा राखेर दागवत्ती दिनसाथ एक्कासी माथिबाट आएको बाढीले बश जल्न नपाइ बगाएको हो । फाकफोक खोलाको शीर पाँचथरको घुर्बिसे पंचमी र आसपासमा भएको भीषण वर्षापछि आएको बाढीले शव बगाइएको उपाध्यक्ष राईले जानकारी दिइन् ।

शव जल्न नपाइ बाढीले बगाएपछि खोजतलास गरी पुनः दाहासंस्कार गरिने भएको छ । प्रहरी प्रशासन र स्थानीयले शव खोजतलास गरी पुन दाहसंस्कार गर्ने सल्लाह भएको छ' उपाध्यक्ष राईले पूर्वाञ्चल दैनिकसँग भनिन् । लकान्द्रीको आइतबार दिउँसो करिब १२ बजे नजिकैको जंगलमा सुँगुरको चारो खोज्ने क्रममा ढुङ्गाबाट चिप्लिएर लड्दा मृत्यु भएको बताइएको छ ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



## बिर्तामोड खानेपानीको महशुल अब घरबाटै

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आम उपभोक्ताको हितलाई ध्यान राख्दै २०७७ बैशाख १४ गते आइतवारदेखि अनलाइनबाट खानेपानीको महशुल भुक्तानी गरिने सेवा शुरु गरेको जानकारी गराउँदछौं ।

अब खानेपानीका ग्राहकले फोन पे नेटवर्क, कनेक्ट आइपियस, क्यूआर कोर्ड पेमेन्ट, बालेट इन्ट्रीगेसन, ई-सेवा, खल्ती एप्स डाउनलोड गरी अनलाइनबाट खानेपानीको महशुल बुझाउन हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
बिर्तामोड, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# संयमित रहौं, सुरक्षित भइन्छ

प्रदेश नम्बर एक आजको दिनसम्म चर्चा र चिन्तामा पनि पहिलो नै रहेको छ। नाम र राजधानीको न्वारन गर्न नसकेर अलमलिइरहेका बेला कोरोना भाइरसले आफूतिर आकर्षित गरेर नामाकरणको टण्टा केही समयका लागि टारेको छ। हुन पनि नगरी नहुने महामारीबिरूद्धको युद्धबाट बिमुख हुन नपाइने भएकाले अहिले यो प्राथमिकतामा पर्नु हुँदैन पनि। अहिले स्थानीय, प्रदेश र संघीय सरकारको ध्यान र क्रियाशील कोरोना रोकथाम, नियन्त्रण र उन्मुलनमा केन्द्रित हुनुपर्दछ। संक्रमण शुरू भएको तीन महिना पछि तदारुकता देखिनाले यसको त्रास निकै गहिरिएको हुनसक्छ। अझ यही प्रदेशमा संक्रमितहरूको संख्या उच्च रहेकाले मनोवैज्ञानिक रुपमा कोरोना साँच्चिकै कहर बनिएको छ।

प्रदेश नं. १ अन्तरगत उदयपुर संक्रमित धेरै भएको जिल्ला भएको छ। झापामा पहिचान भएका दुई जनाको स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ। तर लक्षण बदलिन थालेको अहिलेको अवस्थामा यसले जोखिम नल्याओस् त्यसतर्फ गम्भीर हुनुपर्छ। अहिले मौसम परिवर्तन हुने समय हो। यो बेला रूघामर्की र खोकी लाग्नु, ज्वरो आउनु सामान्य हो। यसैलाई शुरूवातको लक्षण मानेर सावधानी नअपनाउँदा र परीक्षण पनि नगरिँदा जोखिममा समुदाय नै पर्नेतर्फ सचेत हुनै पर्छ। यस हुन नदिनका लागि स्थानीय सरकारको तदारुकता र अग्रसरता बढी महत्वपूर्ण रहन्छ।

स्थानीय सरकारका प्रतिनिधिको पहुँच घर–घरमा हुन्छ। यसले समुदायको पहिचान गर्न र आवश्यक सेवा प्रदान गर्न सहज हुन्छ। त्यसैगरी कतिपय स्वयम्सेवी संस्थाहरूलाई पनि परिचालन गरेर पहिचानका साथै उद्धार कार्यलाई सहज बनाउन सकिन्छ। अहिलेसम्म दमक र बाह्रदशीमा एक–एक जनामा संक्रमण देखिएको छ। त्यसैलाई आधार मानेर उनीहरूको सम्पर्कमा आएकाहरूको खोजी, पहिचान र परीक्षण गर्न थालिएको पनि छ। यसलाई तीब्रता दिने हो भने जोखिम कम गर्न सकिन्छ। यसका साथै उनीहरूको सम्पर्क र संसर्ग रहेकाहरूले पनि एकान्तबासको पालना गर्नुपर्छ।

हाम्रो मान्यता अनुशार हामी पूर्व कर्मद्वारा निर्देशित छौं। अर्थात् कर्म, विद्या, आयु, धन र मृत्यु जन्मपूर्व नै निर्धारित हुन्छ। त्यही कारण शायद चाहेको, देखेको र खोजेको भेटिन्न र अनायासै नसोचेको परिस्थितिको सामना गर्न पुगिन्छ। त्यसकारण पनि अति चिन्ता वा भय व्यर्थ छ। सचेत रहौं, सजग होऔं, सावधानी अपनाऔं र आफूलाई सिर्जनात्मक बनाऔं – यसैले भयरहीत बनाउँछ। प्रकृतिको संरक्षण गरौं, यसले दीर्घायु र आरोग्यता प्रदान गर्छ। सकारात्मक र कर्मशील बनौं यसैले कल्याण गर्छ। संस्कार र संस्कृतिको परिपालना गरौं यसैले हामी सबैको रक्षा गर्छ।

# अनलाइन शिक्षण: समस्या र विकल्प



गुरुभक्त न्यौपाने

अहिले विश्व कोरोना महामारीको कहरमा छ। मानव अस्तित्वमाथिको चुनौतिका रुपमा उदाइ रहेको कोरोनाले आजका दिन सम्ममा विश्वका करिव सबा दुईलाख मानिसहरुलाई निलिसकेको छ भने त्यसैका हाराहारीमा मृत्यु पर्खिएर बसेको अवस्था छ। बिसौंलाख मानिस कोरोनाबाट संक्रमित छन्। अन्य मुलुकका तुलनामा हाम्रो देशमा आजका दिनसम्ममा मानवीय क्षति भएको छैन। संक्रमित पनि ५४ जनामा देखिएको अवस्था छ। तथापि जोखिम भने छँदैछ। हाम्रो देशमा उपयुक्त समयमा सरकारले चालेको सही कदम र नेपालीहरुको उच्च सतर्कताका कारणले हामी आज बाँच्न सफल भइरहेका छौं।

तर पनि संक्रमित मुलुकहरुवाट आउने मानिसहरुवाट आयात हुने यो महामारीवाट वाँच्न अझै हामीले उच्च सतर्कताका साथ अनुसाशनमा वस्नै पर्नेछ। हाम्रा भीडभाड हुने कार्य व्यवसाय जस्तै विद्यार्थीका परीक्षा रोकिएका छन्, पठन पाठन हुन पाएको छैन। एउटा निश्चित समयमा शुरु गरेर निश्चित समयसम्ममा तोकिएको पाठ्यक्रम अनुसार शिक्षण सिकाइ पूरा हुनुपर्ने र समयमा विद्यार्थीको स्तर बढ्वा गरी सम्वन्धित तहको भर्ना पनि तोकिएकै समयमा गर्नुपर्ने हुन्छ तर यी हुन पाइरहेको छैन, अन्यौल छ, भविष्यवाणी गर्ने विषय भएन।

यहीबीचमा शिक्षण सिकाइलाई कसरी अघि वढाउने भन्ने वारेमा शिक्षाविद्का सुझावहरु आइरहेका छन्। सरकार पनि सूचना प्रवाह गर्दैछ, संस्थागत विद्यालयहरुको संगठन प्याब्सन, एन प्याब्सन तथा सामुदायिक विद्यालयहरुको शिक्षक महासंघका पनि विचार आउँदैछन्। अभिभावक र बिद्यार्थीले मैले बुझेसम्म यस वारेमा पर्खिएर हेरिरहेको अवस्था छ।

कक्षा कक्षामा भेला भएर पढ्ने पढाउने कार्य गर्न तत्काल असम्भव भएपछि अनलाइनबाट, टीभी, रेडियो आदिवाट शिक्षण सिकाइ गर्ने गराउने कुरा गर्दै गरौं, अभिभावक, विद्यार्थी र विद्यालय जोडिने काम गरौ, केही न केही सिकाउँदै जाऔं भन्ने कोणवाट सम्बद्ध पक्षहरुवाट कुरा आइरहेका छन्।

अत्याधुनिक प्रविधिवाट शिक्षण सिकाइ गर्ने कुरा सुन्दा निकै कर्णप्रिय पनि छ। अन्य विकल्प पनि तत्कालमा देखिएनन् होला। त्यसैले अनलाइन समेतका प्रविधि प्रयोगमा देखिने समस्याहरु र हामीले गर्नुपर्ने अन्य कदमहरु के हुन सक्छन् भन्ने वारे विचार राख्न गइरहेको छु।

**वैकल्पिक नयाँ प्रविधि प्रयोगमा देखिने समस्याहरु :**

१) पहिलो कुरा बिद्यार्थीका हातहातमा पुस्तक छैन।

२) कतिपय शिक्षक र विद्यार्थीका विद्यालयवाट टाढा पुगेको अवस्था छ, उनीहरु जोडिन सक्दैनन्।

३) समग्रमा १०/१५ प्रतिशतभन्दा माथिका विद्यार्थीसंग अनलाइनकोक पहुँच छैन र टीभी, एफ एमको पनि करिव-करिव सोही अवस्था हो।

४) विद्युतीय शक्ति प्रयोग पनि हाम्रो परिवेशमा पूर्ण विश्वसनीय बन्न सकेको छैन।

५) ८५ प्रतिशत बिद्यार्थीले (सामुदायिक, संस्थागत दुवै गरी) अहिले यो अनलाइन शिक्षण सिकाइमा जोडिन सक्ने नदेखिएपछि कोर्ष अघि वढ्ने वढाउने कुरा कठिन हुन्छ। वरु विभेदीकरण भएर विद्यार्थीमा निराशा जन्मन सक्छ।

६) कोरोना प्रभावित परिवार, गाउँ, शहर, समाजमा कोही त्रासमा बस्ने र कोही अनलाइनमा पढ्ने भन्नेकुरा पनि तालमेल खाने देखिँदैन। कोरोना प्रभावले एउटा नगरपालिका नै घेराउ गर्नुपर्ने, जिल्ला नै घेराउ गर्नु पर्ने वेलामा कक्षा सञ्चालन कति प्रभावकारी होला ?



७) सामुदायिक छोडेर संस्थागत विद्यालयको हकमा विद्यार्थीलाई शुल्कभार र शिक्षक कर्मचारीको तलब व्यवस्था, Online आदिका शैक्षिक सामाग्री व्यवस्थापन खर्च कसरी अघि वढ्छ ? यो सवैभन्दा पेचिलो विषय हो कि होइन ? घरमा बसेर पढेर विध्यार्थीले शुल्क बुझाउनु पर्ने ? (संस्थागतका हकमा)

८) निःसन्देह १ वा २ महिना पछि वा ३ महिना पछि भएपनि पुन : शिक्षक विद्यार्थी विचको कक्षामा हुने पठन पाठनमा २ वर्गका विद्यार्थी जम्मा हुने र अधिकांश विद्यार्थी हत्तोत्साहित हुने र मनोवैज्ञानिक असरको स्थिति आउन सक्छ। कारण एउटाले अनलाइनवाट पढिसकेको छ भने अर्को हेरेको हेरै हुन सक्छ।

९) अनलाइन, टीभी, रेडियो आदिमा जोडिने विद्यार्थीहरुमा पनि पूर्ण उत्प्रेरणाका साथ सहभागिता हुने देखिएन। कलेज तहका बिद्यार्थीको हालमा प्रयोग भइरहेको कक्षाले त्यो पुष्टि गरेकै छ भने साना नानीकोमा झन कठिन हुने नै भयो।

**त्यसो भए विकल्प के त ?**

हामीसंग भरपर्दो लागू गर्न सकिने विकल्पहरु प्रसस्त छन्। सवैभन्दा पहिले अहिले कोरोनाबाट आफुपनि बचौं र अरुलाई पनि बचाऔं। सबै लागौं त्यसपछि अन्य कार्य व्यवसायहरु जस्तै शिक्षाका कुरा पनि संगसंगै लिएर जानुपर्छ। जव हामी कोरोनावाट मुक्त हुन्छौं वा मुक्त हुने दिशातर्फ उन्मुख हुन्छौ।

अत : हालमा के गर्ने त ? भन्नेबारेमा म सरोकारवालाहरुको ध्यान आकृष्ट गर्नु चाहान्छु।

१) सवभन्दा पहिले कक्षा नौ सम्मको नतीजा प्रकाशन गर्ने र कुनै पनि परीक्षामा सहभागी भएका नियमित बिद्यार्थी सवैलाई स्तर वृद्धि गरेर प्रोत्साहन गर्ने।

२) उपयुक्त विधि र समयमा कक्षा १० को एसईई र ११ र १२ कक्षाको वोर्ड परीक्षा हुने उपाय अवलम्वन गर्ने।

३) आगामी शैक्षिक वर्ष २०७७ का लागि कोरोना वर्ष को रापका कारणले कति महिना हो (२, ३ महिना आदि) भर्नादेखि पठन पाठनका सम्पूर्ण क्रियाकलाप राष्ट्रिय नीतिका रुपमा स्थगित गर्ने र सहज वातावरण भए पछि सवै प्रकृया शुरु गर्ने।

४) नम्वर तिन अनुसार यदि असार, श्रावण, भाद्र कुनै पनि महिना देखिमात्र शैक्षिक क्रियाकलाप शुरु हुने भए त्यसै महिनालाई आधार महिना मानेर ११ महिने वा १२ महिने नै शैक्षिक सत्र बनाउन सकिने छ। जस्तै श्रावणदेखि असार १२ महिना एक मोडल वा श्रावणदेखि जेठ अर्को मोडल (११ महिने) श्रावणदेखि शुरु हुने भएमा। यदि भाद्र पुगे सोही अनुसार तन्कनेछ।

५) हामीले पुसबाट शुरु हुने, वैशाखबाट शुरु हुने र श्रावणवाट शुरु हुने सवै खाले शैक्षिक वर्षको अनुभव गरेका पनि छौं। तर यदि बैशाखवाटै नयाँ शैक्षिक वर्ष ल्याउने भएमा यो वर्ष र आगामी वर्ष समेतलाई सवै बिदा कटौती गरी ११ महिने पनि पार्न सकिने छ।

६) यो मौन अवधिमा बालबालिकाहरुलाई केही ज्ञानवर्द्धक, स्वावलम्वी, शिक्षा, आत्मनिर्भर शिक्षा, नैतिक शिक्षाका जनचेतनामूलक सामाग्री राज्यका विभिन्न स्रोतवाट निर्माण र प्रशारण गर्ने, एवम् वालवालिकाहरुलाई सकारात्मक वनाउने दिशामा शिक्षक अभिभावक, सञ्चारमाध्यम सवैलाई परिचालन गर्ने।

७) एसईई वा ११ र १२ पछिको तहमा भर्ना हुन यदि समस्या हुन्छ भन्ने भए माथ्लो तहका अध्ययन संस्थानसँग पनि राज्यले संयोजन गर्न सक्ने छ र समन्वयकारी शैक्षिक वर्षले सवै तहलाई जोडेर शिक्षण सिकाइमा निरन्तरता दिन सकिने छ। विदेशमा अध्ययन गर्न जानुपरेमा त्यहाँ पनि कोरोनाले शौक्षिक वर्षलाई ठेलेकै हुन्छ र समस्या देखिँदैन।

८) यो संकटकाल २ महिने ३ महिने नभएर लामो जाने भए वा वर्षै जाने देखिने भए चाहिँ Some thing is better than nothing (नहुनु मामा भन्दा त, कानै मामा ठीक) भन्ने अर्थमा त्यति बेला सोच्नुपर्ने हुन्छ जो सक्नेले गर्छन् नसक्नेले गर्दैनन्। तर अहिले भने सबैलाई शिक्षाको अवसर वा पहुँच दिनैपर्छ।

९) यो मौन अवधिको विद्यार्थी सेवा शुल्क तथा शिक्षक, कर्मचारी पारिश्रमिकका सम्बन्धमा सरोकारवालाहरु बसेर उपयुक्त निकाश दिन सकिने छ।

अतः शिक्षासँग सम्बद्ध नीति निर्माताहरु, अभियन्ताहरु, शिक्षाविद्हरु, सरकार, सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रतिनिधि संस्थाहरु, शिक्षक, विद्यार्थी, अभिभावक आदिका व्यक्ति तथा संस्थाहरु देखि अन्य शुभेच्छुक व्यक्ति वा संस्थाहरु सबैले सोचौं।

जुन नीति हामी ल्याउँछौ त्यो लागू गर्ने गरी ल्याऔं, फेरि फिर्ता नगरौं, प्रयोगका लागि र विज्ञापनका लागि वा कसैका लागि ? नल्याऔं। बालबालिकाहरुलाई विभेदकारी हुने गरी शिक्षा दिने काम कस्तो हो ? सोचौं। यो लेखक पनि एक विद्यालय संचालक हो, प्याव्सनको इमान्दार प्रतिनिधि हो, शैक्षिक अभियान्ता हो। यसर्थमा यो सुझाव दिने जमर्को गरिरहेको छु, दृष्टता हैन। व्यवहारिकता बुझेर यो कलम अघि बढेको छ। एक पटक सबैले सोचौं। केही छुटमा बरु थप गर्न विध्दतवर्गमा अनुरोध गर्न चाहन्छु।

*(न्यौपाने प्याब्सन झापाका पूर्व केन्द्रीय सदस्य तथा सल्लाहकार हुन्।)*

# यसरी फसियो, अनि पुगियो क्वारेन्टाइन

लक्ष्मी उप्रेती

**मेचीनगर, बैशाख १६।** झापा मेचीनगर-१० धुलावारीका ४१ वर्षीय रमेश कार्की (नाम परिवर्तन) निकै हुने खानेका सन्तान हुन्। कक्षा १२ सम्म पढेको बताउने कार्कीले २०७२/०७३ सालदेखि चुरोट सेवन गर्न सिके। चुरोट खान थालेको ५ वर्ष आइपुग्दा उनले गाँजा, चरेश, ब्राउनसुगर, नाइट्रोजन प्रोक्सिवन ट्याव्लेट कुनै बाँकी राखेनन्। अहिले उनी लागूऔषधको दुव्यर्सनी बने।

चारवर्ष अघिदेखि चुरोट खान थालेका मेचीनगर– ६ काँकरभिट्टाका २२ वर्षीय विशान्त लिम्बू (नाम परिवर्तन)ले यहाँसम्म आइपुग्दा नखाएको कुनै लागूऔषध छैन। दिनभरि मजदुरी गर्ने र त्यसबाट आएको पैसाले लागूऔषध खरिद गरी साँझ सेवन गर्नुपर्ने उनको दैनिकी नै बनेको थियो।

कार्की र लिम्बू केही प्रतिनिधि पात्र मात्र हुन् यस्तो लागूऔषधको दलदलमा फस्ने युवाहरुका। उनीहरु जस्ता धेरैको फेहररिस्ता काँकरभिट्टा प्रहरीसँग सुरक्षित छ।

नोवल कोरोना भाइरस कोभिड -१९ को रोकथाम तथा नियन्त्रणका लागि भन्दै एकसाताका अघिदेखि नेपाल सरकारले देशव्यापी लकडाउन गर्ने निर्णय गरेको थियो। तर लकडाउन कार्यान्वयन गर्न स्थानीय प्रशासनलाई यतिखेर लागूऔषध प्रयोगकर्ता मुख्यः चुनौति बनेका छन्।

गत चैत ११ गतेदेखि लागू हुने गरी सरकारले पटक-पटक गरेर बैशाख २५ गतेसम्म लकडाउन गर्ने मन्त्री परिषद्ले निर्णय गरेको छ। सरकारले सीमा नाकामा मानवीय आवतजावत ३१ गतेसम्म, हवाई उडान जेठ २ गतेसम्म बन्द गरेको छ। तर प्रहरीलाई यी कुरा पूर्णरुपमा कार्यान्वयनमा ल्याउन धौ-धौ परेको छ।

'शुरुमा साथीभाइको लहै-लहैमा लागेर चुरोट खान थाले अहिले केही बाँकी राखिन' -दुई सन्तानका बाबु कार्कीले भने –'बल्ल जीवनको महत्व बुँझे परिवारसमेत मेरै कारणले जतातत्तै छन् नानीहरु अहिले मावलमा छन्, मेरो घर नै लागूऔषले लथालिङ्ग भयो यहाँबाट गएपछि अब म सुधिन्छु घर परिवार सम्हाल्छु समयमै तपाईहरुले यहाँ ल्याइदिनुभयो।' कक्षा १२ सम्म पढेका लिम्बू पनि शुरुमा साथीभाईकै लहैलहैमा लागेर यस्तो कुलतमा लागेको बताउँछन्। परिवारबाट असल संस्कार पनि नपाएका कारण यो बाटो रोजेको उनको भनाइ छ।

लागूऔषध प्रयोगकर्ता लकडाउन कार्यान्वयनमा समस्या बनेको भन्दै अहिले झापाको मेचीनगर-८ स्थित आदर्श माध्यमिक विद्यालय आयावारीलाई विशेष कवारेन्टाइनको रुपमा खडा गरिएको छ। यसअघि उक्त क्वारेन्टाइनमा विदेशबाट आएकाहरुलाई राख्ने गरिएको भएपनि अहिले त्यहाँ लागूऔषध प्रयोगकर्तालाइ राख्ने गरिएको छ। मेचीनगर नगरपालिकाले सञ्चालनमा ल्याएको उक्त क्वारेन्टाइनमा अहिले झापासहित मोरङ, इलाम र सुनसरीका ३८ जना लागूऔषध प्रयोगकर्तालाई राखिएको छ।

मेचीनगरमा लागू औषधका प्रयोगकर्ताहरुलाई क्वारेन्टाइनमा राखेर कुलतबाट छुटाउने नयाँ जुक्तिका रुपमा यो उपाय शुरु गरिएको हो। क्वारेन्टाइनमा कम्तीमा १४ दिन बसेपछि उनीहरुको बानी सुध्रियोस् भनेर यो उपाय शुरु गरिएको नगर प्रमुख विमल आचार्यको भनाइ छ। क्वारेन्टाइनमा राखिएकाहरु पनि यहाँ बस्न पाउँदा खुशी नै छन्। पुनःस्थापना केन्द्रका सञ्चालकहरुले उनीहरुलाई परामर्श दिने, स्थानीय प्रशासनले सुरक्षा व्यवस्था मिलाउने र क्वारेन्टाइनमा कडा सुरक्षाका साथ राखिएका उनीहरुको औषधि उपचारदेखि सम्पूर्ण आर्थिक व्यवस्थापनको भार नगरपालिकाले व्यहोर्ने छ।

प्रहरी नायव निरीक्षक विष्णुप्रसाद सापकोटाले सामाजिक दुरी कायम गरेर उनीहरुलाई राखिएको बताए। शुरुमा लागूऔषध प्रयोगकर्तालाई क्वारेन्टाइनमा राख्न ल्याउँदा उसको शरीरभरि स्प्रे गर्ने, साबुन पानीले राम्ररी हात धुन लगाउने तथा सेनीटाइजर प्रयोग गरेरमात्र क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको प्रहरी नायव निरीक्षक सापकोटाले बताए। विशेष गरी प्रहरीले उनीहरुका आफन्तहरुलाई खवर गरेर उनीहरुका लगाउने लुगा तथा झुललगायतका अन्य सामग्री मगाउने गरेका छन्। आवश्यक परेका बखतमात्र उनीहरुका अभिभावकहरुलाई प्रवेश गर्न दिइने गरिएको छ। प्रहरी नायव निरीक्षक सापकोटाको कमाण्डमा नौजना सुरक्षाकर्मी २४ सै घण्टा क्वारेन्टाइन सुरक्षार्थ खटिने गरेका छन्।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलका अनुसार लागूऔषध प्रयोग गरेको सूचना पाए वा प्रहरीलाई शंका लागे घररेबाटै नियन्त्रणमा लिने गरिरएको छ। यसका लागि मेचीनगर नगरपालिकाकातर्फबाट एउटा एम्वुलेन्स तयारी अवस्थामा राखिएको छ। कहीँकतैबाट सूचना प्राप्त भए प्रहरीको गाडी र एम्बुलेन्ससँगै जाने गरेका छन्। प्रहरीले पक्राउ गर्छ र एम्बुलेन्समा हालेर क्वारेन्टाइनसम्म पुऱ्याउने गर्दछ।

झापाको मेचीनगरमा रहेका तीनवटा नवयात्रा, सनराइज र स्वतन्त्र फाउण्डेशन पुनःस्थापना केन्द्रको प्राविधिक सहयोगमा विशेष क्वारेन्टाइन सञ्चालनमा ल्याएपछि अहिले मेचीनगरमा लागूऔषध प्रयोगकर्ताको विगविगी स्वात्तै घटेको छ। उनीहरुलाई क्वारेन्टाइनमा राखेर विभिन्न रचनात्मक काम सिकाउने नवयात्रा पुनःस्थापना केन्द्रका अध्यक्ष भीम लुईटेल क्षेत्रीले बताए।

विहानदेखि बेलुकासम्मकै उनीहरुको आफ्नै समय तालिका छ। खाजा, खानालगायतका सवै कुरा तालिका अनुसार उनीहरुले प्राप्त गर्दछन् - लुईटेलले भने – क्वारेन्टाइनमा थुप्रै रचानात्मक गतिविधि हुन्छन्। लागूऔषलाई लक्षित गरेर लागूऔषध सम्बन्धी कक्षा सञ्चालन हुन्छ। लागूऔषधबाट कसरी बच्ने ? यसले मानव शरीरमा पार्ने असरहरु के के हुन ? क्वारेन्टाइनबाट गइसकेपछि समाजमा आफू कसरी पुनःस्थापना हुने ? एउटा स्वास्थ्य र असल समाज कसरी निर्माण गर्ने यसै विषयमा कक्षा सञ्चालन हुन्छ। यो सँगै योग ध्यानलगायत पिटी सवै खेलाइन्छ। प्रत्येक कोठामा टेलिभिजनको व्यवस्था छ।'

लागूऔषध प्रयोगकर्ताहरुलाई अहिले प्रहरीले नियन्त्रणमा लिएर क्वारेन्टाइनमा राखेर विभिन्न चेतनामुलक काम र सीप सिकाउन थालेपछि उनीहरुका अभिभावकहरु समेत खुशी छन्। 'यहाँ चाँहि छोरो सुध्रिने कुरामा म ढुक्क छु' -मेचीनगर १० की रञ्जना खनाल (नाम परिवर्तन)ले भनिन् -' यसको बाबु खस्दा यो सानै थियो, मेरो श्रीमान खसेको पनि ११ वर्ष भयो। यसैलाई बुढेसकालको साहारा ठाने अहिले यो पनि कू-बाटोमा लाग्यो यसलाई सपारेर पठाइदिनुहोस् सर म धेरै खुशी छु तपाईहरुले यहाँ राखि दिएकोमा।' उनकै जस्तै खुशी व्यक्त गर्छिन मेचीनगर–६ नकलबन्दाकी प्रतिमा उराउ (नाम परिवर्तन)। उनका छोरासमेत लागूऔषको दलदलमा फसिकसेका थिए। छ दिनदेखि छोरा फारेन्द्र विशेष क्वारेन्टाइनमा छन्। उनीहरुलाई सुधारगृहकै विधि प्रयोग गरी कुलतबाट छुटकारा दिलाउनु पर्ने भएको हुँदा मनोपरामर्शका लागि नगरक्षेत्रकै सुधार केन्द्रका विज्ञहरुलाई पालो मिलाएर क्वारेन्टाइनमा परामर्शका लागि व्यवस्था मिलाइएको उपप्रमुख मीना पोखरेल उप्रेतीको भनाई छ।

लकडाउन बन्दाबन्दीले लागूऔषध व्यापारको जालो भत्किएपछि कुलतमा लागेका कतिपय युवा रातिको समयमा समेत सुरक्षाकर्मीको आँखा छलेर सीमा क्षेत्रबाट भारततिर पस्ने गरेको घटनामा बढोत्तरी भएपछि प्रहरी निगरानी बढाएको प्रहरी नायव उपरीक्षक पोखरेलको भनाइ छ।

स्थानीय राजनीतिक दलहरुसँगको सहमतिमा नगरपालिकाले गरेको निर्णय अनुसार कुलतमा लागेका व्यक्तिहरुलाई प्रहरीले नियन्त्रणमा लिएर क्वारेन्टाइनमा राख्न थालेको नगरपालिकाले जनाएको छ।

बन्दाबन्दीको अवज्ञा गर्दै पूर्वी नाकाबाट भारततिर जाने र स्थानीयवासीलाई त्रसित बनाउँदै जथाभावी हिँड्ने लागूऔषध प्रयोगकर्ताहरुलाई मेचीनगर नगरपालिकाको पहलमा प्रहरीले क्वारेन्टाइनमा राख्न थाले पछि नगरवासीले समेत यस कार्यको खुलेरै प्रशंसा गरेका छन्। क्वारेन्टाइनमा राखिएका त्यस्ता व्यक्तिहरुलाई लागूऔषधको कुलतबाट छुटकारा दिलाउन उपचारको विधिसमेत प्रयोग गरिने गरिएको छ।

उनीहरुलाई १४ दिनसम्म क्वारेन्टाइनमा राख्ने त्यसपछि सवै परीक्षण गरेर अभिभावकको जिम्मा लगाउने, वा सुधार गृहमा राख्ने तथा आपराधिक गतिविधिमा संलग्न भएको पुष्टि भए कानूनी कारवाही अघि बढाउने योजना छ। यसो गर्नु सराहनीय काम भएपनि १४ दिन पछि यहाँबाट आ-आफ्नो घर जाँदा उनीहरुको जीवनमा परिवर्तन आउनु पर्छ। वा कुनै सीप सीकेर गए उनीहरुको जीवनमा समेत परिवर्तन आउने थियो। नत्र यसमा गरेको लगानी बालुवमा पानी भन्ने उखान चरितार्थ हुन्छ। यस वारेमा सम्बन्धित पक्षले बेलैमा सोच्न जरुरी रहेको स्थानीयको भनाइ छ।

सुधार भएकालाई अभिभावकको जिम्मा लगाएर घर पठाइने बताउने र लकडाउन बन्दाबन्दी लम्बियो भने क्वारेन्टाइनमै राख्ने र नत्र त्यहाँ रहेकालाई वैधानिक सुधार गृहमा पठाइने उपप्रमुख उप्रेतीको भनाइ छ।

## कांग्रेसले दियो ४८० परिवारलाई राहत



**दमक, वैशाख १६।** नेपाली कांग्रेसको भातृ संगठन नेपाल किसान संघ झापाका सभापति राजेन्द्र भट्टराई र नेपाली कांग्रेस दमक नगर अन्तर्गत ४ नं वडा समितिको अगुवाईमा ४ सय ८० परिवारलाई राहत वितरण गरिएको छ।

दमक नगरपालिकाले समन्वय समिति तथा टोल विकास समितिको बैठक नै नराखी विभेदपूर्ण तरिकाले राहत वितरण गरेपछि न्यून आय भएका मजदुर तथा विपन्न किसान परिवारलाई प्रतिपरिवार १/१ बोरा चामल, नून लगायतका सामग्री राहतस्वरुप वितरण गरिएको नेपाल किसान संघ झापाका सभापति राजेन्द्र भट्टराईले जानकारी दिए।

नेपाली कांग्रेसका तर्फबाट दमक नगरपालिका -४ का अध्यक्षको उम्मेद्‌वारसमेत रहेका भट्टराई, नेपाली कांग्रेस ४ नं वडा समितिको अगुवाईमा दमक-४ कै धरधरे, चियावगान आसपासमा बसोबास गर्ने मजदुर तथा सुकुम्बासी परिवार र अति विपन्न किसानहरुलाई राहत वितरण गरिएको हो।

जसअन्तर्गत दमकको धरधरे, चियाबगानको कोठीलाईन, चिया बगानपूर्वमा रहेको सुकुम्बासी बस्ती, मालपोत कार्यालय पूर्वमा रहेका सुकुम्बासी बस्ती, सीएमए क्याम्पस नजिक ताराबारीमा आश्रित सुकुम्बासी बस्ती, मावा खोलाको डिलमा रहेका सुकुम्बासी बस्ती, दमक-४ स्थित बृद्धआश्रम, डाकिनी लगायतका स्थानमा राहत वितरण गरिएको हो।

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण एकमहिनादेखि जारी लकडाउनका कारण मजदुर, सुकुम्बासी, तथा विपन्न परिवारको दैनिकी असहज बनिरहेको अवस्थामा राहत प्राप्त गरेपछि स्थानीयले खुशी ब्यक्त गर्दै धन्यवाद ज्ञापन गरेका छन्। राहत वितरणबाट ४ सय ८० घरधुरी लाभान्वीत भएका छन्। सरकारले न्यूनतम ३ किलोदेखि अधिकतम २० किलोसम्म राहत वितरण गरिरहेको अवस्थामा कांग्रेस नेता कार्यकर्ताको अगुवाइमा प्रतिपरिवार प्रतिबोरा चामल राहतस्वरुप वितरण गरिएको हो।

## बंगलादेशमा गार्मेन्ट खुलेपछि चिन्ता

**ढाका, बैशाख १६।** कोरोनाभाइरसका कारण देशव्यापी लकडाउन गरिए पनि बंगलादेशमा तयारी पोशाक (गार्मेन्ट) उद्योगका हजारौं मजदूर काममा फर्किएका छन्। बंगलादेशमा कोरोनाभाइरसको संक्रमण बढ्दै गए पनि मजदूरहरु काममा फर्किएका कारण थप चिन्ता उत्पन्न भएको छ।

राजधानी ढाका र चटगाउँका कारखानाहरु खोल्न सरकारले अनुमति दिएसँगै सोमबारदेखि कारखानामा काम हुन थालेको हो। बंगलादेशमा गत मार्चको अन्त्यदेखि गार्मेन्ट कारखानाहरु बन्द भएका थिए तर निर्यातको बाँकी अर्डर पूरा गर्न कारखाना खोल्नुपर्ने माग सर्वत्र गरिएको थियो।

बंगलादेशमा कोरानाभाइरसको संक्रमण बढेसँगै आगामी मे महिनाको ५ तारिखसम्म लकडाउन घोषणा गरिएको छ। सोमबारसम्ममा ढाका र अन्यत्रका कम्तीमा एक हजार कारखाना खोल्ने योजना थियो। साथै तटीय बन्दरगाह शहर चटगाउँका कारखाना पनि खोलिने छन्।

# जिल्लामा संक्रमित: शिवसताक्षीमा कडाइ

**बिनोद सापकोटा**

**शिवसताक्षी, वैशाख १६।** झापा, झापाको बाह्रदशी र दमकमा कोरोना भाइरसको संक्रमण देखिएपछि शिवसताक्षी नगरमा लकडाउन थप कडा बनाइने भएको छ। उद्योग वाणिज्य संघको समन्वयमा दिउँसो १२ बजेदेखि २ बजेसम्म पसल खुल्ला गर्ने निर्णय भएको थियो। बजारमा सर्वसाधरणको अस्वभाविक भीड बढेपछि अब २४ सै घण्टा पसल बन्द गर्ने निर्णय भएको नगर प्रमुख चन्द्रकुमार शेर्माले बताए।

शिवसताक्षी नगरपालिकाद्वारा गठित नगर स्तरीय सर्वदलीय समन्वय समितिको बैठकमा अधिकाँस सहभागीले बाह्रदशी र दमकमा कोरोना भाइरसको संक्रमित फेला परेपछि पालिकालाई थप सतर्कता अपनाउन सुझाव दिएका थिए। 'अब शिवसताक्षीको सवै बजारका कुनैपनि पसल लकडाउन अवधिभर खुल्दैनन्-' नगर प्रमुख शेर्माले भने।

शिवसताक्षीमा लकडाउनको अवज्ञा गरे अब प्रहरीले कानूनी कार्वाही गर्ने बताएको छ। लकडाउनको अवज्ञा गरे प्रहरीले मुलकी फौजदारी आचार संहिताको २०७४ परिच्छेद ५ को सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, नैतिकता विरुद्धको कसुरमा कार्वाही गर्ने भएको हो। यो परिच्छेदको दफा १०४ मा सङ्क्रामक रोग फैलाउन नपाइने व्यवस्था छ। यो दफामा नियतपूर्वक वा जानिजानी गरेको भए १० वर्षसम्म कैद र १ लाख जरिबाना हुने व्यवस्था छ। लापार्वाहीपुर्वक गरेको भए ५ वर्षसम्म कैद र ५० हजार जरिवाना र हेल्चेक्र्‍याइँपूर्वक गरेको भए ३ वर्ष कैद र ३० हजार जरिबानाको व्यवस्था छ।

परिच्छेद ६ कै दफा १०६ मा सरुवा रोग सम्बन्धी कानूनको उल्लङ्घन गर्न नहुने अर्को व्यवस्था छ। कसैले तीनै तहको सरकारले सरुवा रोगका लागि जारी गरेको आदेश, नियमको उलंघन गर्नु नहुने व्यवस्था छ। यस्तो कसुर गर्ने वा गराउनेलाई ६ महिनासम्म कैद र ५ हजार जरिबाना हुने व्यवस्था छ। यो व्यवस्थामा कसैको ज्यान जाने गरी गरेको भए दफा १०४ बमोजिम सजाय हुने व्यवस्था छ।

योसँगै अब शिवसताक्षीमा लकडाउनको अवज्ञा गरे प्रहरीले पक्राउ गरी कार्वाही गर्ने इलाका प्रहरी कार्यलय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुरले बताए। सोमबार मात्र संघीय सरकारको गृह मन्त्रालले लकडाउन थप कडाइ राख्न जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको थियो। शिवसताक्षीमा नगर प्रवेश गर्ने जो कोहीका लागि पालिकाले दुई ठाउँमा हेल्थ डेक्स राख्ने पनि बैठकले निर्णय गरेको छ। पूर्वपश्चिम राजमार्गको माईधार र धरमपुरमा हेल्थ डेक्स राख्ने भएको शिवसताक्षी नगरपालिकाको सूचना शाखाले जनाएको छ। दुवै ठाँउमा मंगलबारदेखि स्वास्थ्यकर्मी परिचालित हुने छन्।

बैठकमा दोश्रो चरणको राहत वितरणलाई प्रभावकारी बनाउन नयाँ नियम अपनाइएको छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने परिवार, सरकारी तथा गैरसरकारी संघ सस्थामा कार्यरत् कर्मचारी, आफ्नो वा अरु कसैको जग्गा बन्दकी, अधियाँ, ठेक्का वा लिजमा लिने परिवारलाई दोश्रो चरणमा राहत नदिने निर्णय भएको छ।

यस्तै साहु महाजनकोमा हली गोठाला गर्ने परिवार अलग्गै बसेको भएपनि उनीहरुलाई राहत नदिने निर्णय भएको सूचना अधिकारी प्रकाश चौधरीले बताए। कृषि मजदुरलाई जग्गाधनीले नै राहत व्यवस्था गर्नुपर्ने बैठकमा निर्णय भएको छ। यस्तै बैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यलाई पनि राहत नदिने निर्णय भएको छ।

## भद्रपुरमा ४ घण्टा पसल खुल्ने

**भद्रपुर, वैशाख १६।** भद्रपुरमा दिनभर अति आवश्यक सामग्री खरिद तथा बिक्री गर्दा लकडाउन खुकुलो भएको निष्कर्ष निकाल्दै नगरस्तरीय सर्वपक्षीय बैठकले आजदेखि थप कडाइ गर्ने भएको छ।

झापाको दमक र बाह्रदशी गाउँपालिकामा दुई जना कोरोना सङ्क्रमित बिरामी फेला परेसँगै नगरमा उच्च सतर्कता बढाउनु पर्ने भन्दै नगरस्तीय सर्वपक्षीय बैठकले विभिन्न चार बुँदे निर्णय गरेको छ।

बैठकले लकडाउन अवधिभर नगर क्षेत्रमा सञ्चालित किराना तथा सागसब्जी पसलहरूले बिहान ७ बजेदेखि ११ बजेसम्म मात्र खोल्न पाउने, घर-घरमा घुमेर वा पसल थापेर विक्री गर्ने व्यक्तिले अनिवार्य वडा कार्यालय, भद्रपुर नगरपालिकाका वा झापा उद्योग वाणिज्य सङ्घबाट पास लिने र ठेला-भेनमा सामान बिक्री गर्दा दुईभन्दा बढी जान नपाउने, सामान खरिदबिक्री गर्दा सामाजिक दुरी अनिवार्य कायम राख्ने, नगरको टोल-टोलमा विदेशबाट आएका अपरिचित वा नयाँ व्यक्ति देखिएमा तत्काल खबर गर्ने लगायतको निर्णय गरिएको छ।

बैठकमा भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठ, नेकपाका नगर अध्यक्ष शिवकुमार राजभण्डारी, कांग्रेस नगर समितिका उपसभापति ज्ञानबहादुर चौहान, राप्रपाका नगर अध्यक्ष राधा कार्की, झापा उद्योग वाणिज्य सङ्घका वाणिज्य उपाध्यक्ष सन्तोष धमला, बजार व्यवस्थापन समितिका अध्यक्ष हजरत अली र वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक डम्बर पुरी लगायतको सहभागिता रहेको थियो।

# जब अग्रसर भयो मेची उद्योग वाणिज्य संघ...

**काँकरभिट्टा, वैशाख १६।** झापामै पहिलोपटक मेची उद्योग बाणिज्य संघले शुरु गरेको सर्वसुलभ मूल्यमा खाद्यन्नको विक्री अभियानप्रति यतिखेर उपभोक्ताको आर्कषण बढ्न थालेको छ।

लकडाउनको मौका छोपेर व्यापारीले दैनिक उपभोग्य सामग्रीमा मूल्य बृद्धि नगरुन् र उपभोक्ताले समेत सर्वसुलभ मुल्यमा आफ्नै घर आगनमा उपभोग्य सामग्री प्राप्त गरुन् भन्ने उद्देश्यले १३ गतेदेखि संघले घरदैलो अभियान शुरु गरेको थियो। बजार मूल्यभन्दा झण्डै १५ देखि २० प्रतिशत कम मूल्यमा संघले उपभोक्तालाई खाद्यन्न सामाग्री उपलब्ध गराउँदै आएको छ।

संघले बजारको पहुँचदेखि टाढा रहेका उपभोक्ताहरु समक्ष खाद्यान्न सामग्री पुऱ्याउने लक्ष्यका साथ इलामको जिर्मले र झापा मेचीनगरको सीमा वडानम्बर १ बाट अभियान शुरु गरेको वरिष्ठ उपाध्यक्ष मोहन निरौलाले बताए। कार्यकारिणी सदस्य दीपेन्द्रराज पाण्डेका अनुसार अभियान अन्तर्गत दैनिक १ देखि १ लाख ५० हजाररसम्मको कारोववार हुने गरेको छ। तीनदिनमा झण्डै साढे चारदेखि पाँच लाख रुपैयाँसम्मको कारोवार भएको पाण्डेको भनाइ छ।

संघले सोझै विभिन्न खाद्य उद्योगबाट सामान खरिद गरेका कारण सस्तो परेको र उपभोक्तालाई पनि सहुलियत मूल्यमा सामान विक्री गरेका कारण उपभोक्ताहरुको आर्कषण पनि संघको अभियानतर्फ बढेको संघका सचिव रवीचन्द्र नेपालले जानकारी दिए। संघले आफ्नो लागत मूल्यमा प्याकेजिङ र ढुवानी खर्च जोडेर सर्वसुलभ मूल्यमा ती खाद्यान्न विक्री गर्ने कार्यमा वरिष्ठ उपाध्यक्ष निरौलाको नेतृत्वमा सचिव नेपाल तथा कार्यकारिणी सदस्य पाण्डेसहितका पदाधिकारीहरुलाइई जिम्मेवारी दिएको छ। संघले चामल, तेल, चिनी, नुन, दाललगायतका सामान उपभोक्ताको घरदैलोसम्म पुऱ्याउँदै आएको छ। सामाजिक दुरी पालना गरेर संघले आफ्नो कारोवार सञ्चालन गरेको सदस्य पाण्डेले बताए। संघले अभियान अन्तर्गत मन्सुली चामल ३० केजीको १ हजार ४ सय, जीरा मसिनो २० केजीको १ हजार ३ सय ६०, जुनेली चामल ३० केजीको १ हजार ६ सय २५ रुपैयाँमा उपलब्ध गराउँदै आएको पाण्डेको भनाइ छ।

चिनी प्रति केजी ८० रुपैयाँ, दाल प्रति केजी १ सय १५ रुपैयाँ, सनफ्लावर तेल प्रति लिटर १ सय ७० रुपैयाँ,तोरीको तेल प्रति लिटर १ सय ८५ रुपैयाँ, आटा ५ केजीको ३ सय रुपैयाँ २ केजीको १ सय ३० रुपैयाँ, नुन प्रति पाकेट २० रुपैयाँका दरले उपलब्ध गराउदै आएको संघले जनाएको छ। बजार मूल्यको तुलनामा यो निक्कै कम भएको र घर आगनमै उपभोक्ताले सामान प्राप्त गर्न पाउने भएकाले अभियानप्रति सवै सकरात्मक भएको पाण्डेले बताए।

सवै सामान संघले प्याकेजिङ गरेर वस्तु ट्रकमा हालेर लैजाने गरेको छ। ग्रामीणक्षेत्रका उपभोक्ताहरुलाई लक्षित गरेर संघले जिल्लामै पहिलोपटक यो अभियान शुरु गरेको हो। पहिलो चरणमा मेचीनगरको १ देखि ४ सम्मका वडामा पुऱ्याउने, त्यसपछि वडा नम्बर ७ र १५ लगायत बजारको पहुँचदेखि टाढा रहेका उपभोक्ताहरु समक्ष पुऱ्याउने लक्ष्य लिएको भएपनि अहिलेसम्म वडा नम्बर -१ मै अभियानले निरन्तरता पाइरहेको छ। त्यहाँ छिमेकी जिल्ला इलाम विभिन्न पालिकाबाट समेत सामान खरिदका लागि उपभोक्ता आउने गरेका छन्। उपभोक्ताहरुले भने निकट भविष्यमा समेत यो अभियानलाई निरन्तरता दिन संघसँग आग्रह समेत गरेका छन्।

संघले अभियानका लागि यसअघि नै ५० टन चामल, ५ टन दाल २ /२ सय केजी सेलो र तोरी खानेतेल, १० हजार केजी आँटा, १ सय टन आयोडिनयुक्त नुन भण्डारण गरिसकेको संघका उद्योग उपाध्यक्ष किशोर क्षेत्री कपिलले जानकारी दिए। देशको विषम परिस्थितिमा उपभोक्ताहरुले खाद्यन्नको अभाव व्योहोर्नु नपरोस् र विचौलियाका कारण ठगिनु नपरोस् भन्ने उद्देश्यले पनि संघले यो कदम उठाएको अध्यक्ष ऋषिराज तिम्सिनाको भनाइ छ। लकडाउनका कारण अहिले हरेक पसलहरु बन्द छन्, यस्तो अवस्थामा उपभोक्ताहरुले आफूले खोजेका मालवस्तु घरघरमै सर्वसुलभ मूल्यमा सहजै पाउन थालेपछि खुशी समेत व्यक्त गरेका छन्।

विश्वभर आतंकका रुपमा रहेको नोवल कोरोना भाइरस कोभिड -१९ को संक्रमण फैलन नदिन र नियन्त्रण गर्ने उद्देश्यले नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण सर्वसाधारणको दैनिकी असहज बनिरहेका समयमा संघको यो अभियानले उपभोक्ताले समेत केही राहत महसुस गरेका छन्।

यसअघि संघले विश्वव्यापी महामारीको रुपमा फैलिँदै आएको नोवल कोरोना भाइरस कोभिड -१९ का कारण देश लकडाउनका अवस्थाबाट गुज्रिरहेको अवस्थामा मेचीनगर क्षेत्रमा खाद्यान्न तथा सागसब्जी आपूर्ति एवम् ढुवानी कार्यमा संघमा सूचीकृत भएका सवारी साधनलाई घर-घरमा पुगेर सागसब्जी विक्री वितरण गर्न अनुमति दिएको थियो। अहिले संघले आँफै खरिद गरेर आफै विक्री गर्दै आएको छ।

## भारतमा संक्रमित २९४३५, ९३४ को मृत्यु

**भारत, बैशाख १६।** भारतमा 'कोविड-१९' संक्रमितको संख्या २९ हजार ४३५ भएको जनाइएको छ। गएको २४ घन्टायता भारतमा एक हजार ५४३ कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन्।

मङ्गलबार बिहानको तथ्यांक अनुसार भारतमा 'कोविड १९' का संक्रमितहरूको संख्या २९ हजार ४३५ जना पुगेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको हो।

उक्त मन्त्रालयका अनुसार भारतभर गएको २४ घन्टायता मृत्यु हुनेको संख्या ६२ जना रहेको छ। योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ९३४ पुगेको छ। भारतमा देखिएका यी संक्रमितहरूमध्ये ६ हजार ८६८ जना भने उपचारपछि निको भएर फर्किएका छन्। मन्त्रालयले दिएको जानकारी अनुसार हाल यहाँ २१ हजार ६३२ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत् रहेका छन्।

शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। मंगलबार पनि यो क्रम जारी नै रहेको उक्त मन्त्रालयले जानकारी दिएको छ।

महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या ८ हजार ५९० जना पुगेको उक्त मन्त्रालय बताएको छ। यसैबीच महाराष्ट्रमा ३६९ जनाको निधन भएको छ। संक्रमित मध्ये १ हजार २८२ जना भने निको भएका छन्।

महाराष्ट्रपछि गुजरात यस भाइरसको संक्रमण दोस्रो स्थानमा रहेको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आज दिएको जानकारी अनुसार गुजरातमा ३ हजार ५४८ संक्रमित रहेका छन्। संक्रमित मध्ये २९४ जना निको भएका छन् भने १६२ जनाको भने मृत्यु भएको छ।


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्। 'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## वर्गीकृत विज्ञापन

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।- |
| तेजावी सुन | ७६,७००।- |
| असल चाँदी | ७२५।- |

**आवश्यकता**

सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** विचारले धेरैलाई आफ्नो प्रभावमा ल्याउन सकिनेछ। प्रशंसकहरू बढ्नेछन् भने सहयोगीहरूले काममा साथ दिनेछन्।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रचनात्मक काम प्रारम्भ गर्ने समय छ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। दिन शुभ देखिएको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ। दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** नजिकका साथीभाइ टाढिन सक्छन्। बलजफ्तीले हानि पुऱ्याउनेछ भने फाइदाका पछि लाग्दा साथीभाइ टाढिन सक्छन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** धेरै मिहिनेत परे पनि आंशिक फल प्राप्त हुने समय छ। आयस्रोत राम्रो देखिए पनि तत्कालै खर्चनुपर्ने अवस्थासमेत आउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही रकम सरसापटमा बाहिरिन सक्छ। कृषि, पशुपालन तथा व्यापारमा सामान्य लाभ हुनेछ। श्रमको उचित मूल्यांकन हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पछि फाइदा हुने काम प्रारम्भ हुन सक्छ। अध्ययनमा राम्रै प्रगति हुनेछ। वैदेशिक रोजगारको अवसर आउला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आजको दिन तपाईको लागि फाईदा जनक भएर आएको देखिन्छ। समयमानै काम सम्पादन गर्न सकिएला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय प्रति सजक रहनु पर्ने देखिन्छ। नवुझेको नदेखेको कार्य गर्न थाल्दा अलमलमा परी धेरै नोक्सान हुन सक्ला।